# स्थानीय-राजपत्र

भरतपुर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय भरतपुर, चितवन, नेपाल २०७३

भरतपुर महानगरपालिकाद्धारा प्रकाशित

खण्डः १ संख्याः ६७ मितिः २०७८/१२/१८

## भाग-२

## भरतपुर महानगरपालिका नमुना उन्मुख विद्यालय छनौट तथा व्यवस्थापन कार्यविधि, २०७८

भरतपुर महानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

भरतपुर, चितवन

बागमती प्रदेश, नेपाल

भरतपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, नेपाल
२०७३

# भरतपुर महानगरपालिका

## नमुना उन्मुख विद्यालय छनौट तथा व्यवस्थापन कार्यविधि-२०७८

पारित मिति: २०७८/१२/१८

भरतपुर महानगरपालिकाभित्र सञ्चालित विद्यालयहरूमा स्वच्छ शैक्षिक प्रतिस्पर्धाको भावना विकास गर्दै शैक्षिक क्रियाकलापमा सूचना प्रविधिको अधिकतम प्रयोगसहित आधुनिक शिक्षण विधिमार्फत विद्यालय शिक्षाको गुणस्तर वृद्धि गर्न एवं भरतपुर महानगरपालिकाभित्रका विद्यालयहरूलाई नमुना-उन्मुख विद्यालयको विकास गर्न आवश्यक भएकोले भरतपुर महानगरपालिका शिक्षा ऐन २०७५ को दफा ३७ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि बनाई लागु गरेको छ।

१ संक्षिप्त नाम र प्रारम्भः १) यो कार्यविधिको नाम "भरतपुर महानगरपालिका नमुना-उन्मुख विद्यालय छनौट तथा व्यवस्थापन कार्यविधि २०७८" रहेको छ।

२) यो कार्यविधि तुरून्त प्रारम्भ हुनेछ।

२) परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

क) ऐन भन्नाले भरतपुर महानगरपालिका शिक्षा ऐन २०७५ सम्झनु पर्दछ।

ख)महानगरपालिका भन्नाले भरतपुर महानगरपालिका सम्झनु पर्दछ।

ग) प्रमुख भन्नाले भरतपुर महानगरपालिकाका प्रमुखलाई सम्झनु पर्दछ।

घ) प्रमुख प्रशासकीय अधिकृत भन्नाले भरतपुर महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

ङ) महाशाखा भन्नाले भरतपुर महानगरपालिका शैक्षिक प्रशासन महाशाखा सम्झनु पर्दछ।

च) नगर शिक्षा अधिकारी भन्नाले भरतपुर महानगरपालिका नगर शिक्षा अधिकारीलाई सम्झनु पर्दछ।

छ) विद्यालय भन्नाले भरतपुर महानगरपालिकाभित्र नियमानुसार अनुमतिप्राप्त गरी सञ्चालित सामुदायिक विद्यालय सम्झनु पर्दछ।

३) नमुना-उन्मुख विद्यालय छनौटका आधारहरूः

१) नमुना-उन्मुख विद्यालय छनौट निर्धारित सूचकका आधारमा हुनेछ।

२) नमुना-उन्मुख विद्यालय छनौटका आधारहरू अनुसूची २ वमोजिम हुनेछ।

४) १) भरतपुर महानगरपालिकाभित्र सञ्चालित विद्यालयहरूले नमुना-उन्मुख विद्यालय बन्न चाहेमा महाशाखाद्वारा तोकिएको सूचनाको म्यादभित्र तोकिएबमोजिम कागजात संलग्न गरी निवेदन दिनु पर्नेछ।

२) निवेदनसाथ संलग्न कागजातहरू महाशाखाको सूचनामा उल्लेख भएवमोजिम हुनेछ

प्रमुख

५) नमुना-उन्मुख विद्यालयका लागि न्युनतम पूर्वाधारहरूः

१) नमुना-उन्मुख विद्यालयको पूर्वाधार अनुसूची २ वमोजिम हनेछ।

२) नमुना-उन्मुख विद्यालयको मूल्याङ्कनका आधारहरुः आधारभूत तह र माध्यमिक तहको फरक-फरक हुनेछ।

६) छनौट प्रकियाः

१) नमूना-उन्मुख विद्यालय छनौटका लागि महानगरपालिकाले कम्तिमा ७ दिनको सूचना दिई सूचना प्रकाशित गर्नेछ।

२) उपदफा १ वमोजिम सूचनाको आधारमा भरतपुर महानगरपालिकाभित्र सञ्चालित ईच्छुक विद्यालयहरूले आवश्यक कागजातसहित महाशाखामा निवेदन दिनु पर्नेछ।

३) महाशाखाले निवेदन पेश गरेको विद्यालयहरूको स्थलगत रुपमा अनुगमन अधिकृत कर्मचारीवाट गराई प्रतिवेदन पेश लगाउने छ।

७) सिफारिस समितिः

१) नमूना-उन्मुख विद्यालयका लागि निवेदन दिएका विद्यालयहरूको निवेदन छानविन गरी सिफारिस गर्न देहायवमोजिमको एक सिफारिस समिति रहनेछ।

क) नगर शिक्षा अधिकारीः संयोजक

ख) अध्यक्ष नेपाल शिक्षक महासंघ भरतपुरः सदस्य

ग) शाखा अधिकृत माध्यमिक शिक्षा शाखाः सदस्य-सचिव

२) उपदफा १ वमोजिमको कार्यदलले नमूना-उन्मुख विद्यालय बन्नका लागि निवेदन दिएका विद्यालयहरूमध्ये यस निर्देशिका वमोजिम नमूना-उन्मुख विद्यालय छनौट गरी नगर शिक्षा समितिसमक्ष सिफारिस गर्नेछ।तर महा समितिको प्रतिनिधिको विद्यालय परेमा महा संघ को सह अध्यक्ष सदस्य रहने छ ।

८) नमूना-उन्मुख विद्यालय छनौटः नगर शिक्षा समितिले नमूना-उन्मुख विद्यालय छनौट गर्नेछ।

९) निवेदन नपर्नेः नेपाल सरकार, प्रदेश सरकार र महानगरपालिकाले नमूना घोषणा गरेका विद्यालयले नमूना-उन्मुख विद्यालय घोषणाका लागि निवेदन दिनुपाउने छैन।

१०) आर्थिक सहयोग उपलब्ध गराउनेः

१) नमूना-उन्मुख विद्यालयलाई प्रोत्साहानका लागि महानगरपालिकाले निश्चित रकम उपलब्ध गराउने छ।

२) उपदफा (१) वमोजिम उपलब्ध गराइएको रकमबाट विद्यालयले कार्ययोजनामा उल्लेखित कार्यमा खर्च गर्नुपर्नेछ।

३)उपदफा (२) वमोजिम खर्च गर्दा विद्यालयले विद्यालय व्यवस्थापन समितिको निर्णय वमोजिम खर्च गर्नु पर्नेछ।

४) उपदफा ३ वमोजिम भएको खर्च र कार्ययोजनामा उल्लेखित कार्यको प्रगति विवरण विद्यालयले महाशाखामा पेश गर्नुपर्नेछ।

प्रमुख

११)यस कार्यविधि अनुसार नमुना उन्मुख विद्यालयको रुपमा छनोट भएका विद्यालयलाई तीन वर्षसम्म नियमित रुपमा प्रोतसाहन अनुदान उपलब्ध गराइनेछ । तीन वर्षपछि पुनः विद्यालयहरूबाट निवेदन माग गरी मूल्याङ्कनको आधारमा नमुना उन्मुख विद्यालय छनोट गरिनेछ ।

१२) यस कार्यविधिवमोजिम हुनेःयस कार्यविधिमा लेखिएका कुराहरू यस कार्यविधिवमोजिम हुनेछ र यसमा उल्लेख नभएका कुराहरू प्रचलित कानुनवमोजिम हुनेछ।

१३) वाधा अडकाउ फुकाउनेः यस कार्यविधि कार्यान्वयनमा कुनै वाधा अडकाउ आएमा नगर शिक्षा समितिले गरेको व्याख्या अन्तिम हुनेछ।

प्रमुख

भरतपुर महानगरपालिकाको कार्यालय नगर कार्यपालिकाको कार्यालय भरतपुर, चितवन, नेपाल २०७३

अनुसूची – १

नमूना-उन्मुख विद्यालय छनौटका लागि दिइने निवेदन

श्रीमान् प्रमुखज्यू

भरतपुर महानगरपालिका, भरतपुर चितवन।

विषयः नमूना-उन्मुख विद्यालय छनौट सम्बन्धमा।

महोदय,

प्रस्तुत विषयमा त्यहाँ कार्यालयको मिति २०--।--।--मा प्रकाशित सूचना अनुसार हाम्रो विद्यालयलाई नमूना-उन्मुख विद्यालय छनौट तथा व्यवस्थापन कार्यविधि २०७८ बमोजिम नमूना-उन्मुख विद्यालयका रूपमा छनौट गरिदिनहुन देहायको विवरणसहित निवेदन पेश गरिएको व्यहोरा अनुरोध छ।

तपसिलः

१ विद्यालयको नाम र ठेगानाः-

२ निवेदनसाथ संलग्न कागजातहरूः-

क) जग्गाको विवरण
ख) वि.व्य.स.को निर्णय र प्रतिबद्धता
ग) सम्बन्धित वडाको सिफारिस
घ) पछिल्लो तीन वर्षको कक्षा ५,/ कक्षा ८/ र SEE कक्षा परीक्षाको मार्कलेजर ( माथिल्लो कुनै एक)
ङ) लेखापरीक्षण, सामाजिक परीक्षण र अद्यावधिक विद्यालय सुधार योजना
च) चालु शैक्षिकसत्रको तथ्याङ्क विवरण

प्रमुख

प्रधानाध्यापकको
नामः
दस्तखतः
मितिः
मोबाइल नं.

अनुसूची २

नमूना-उन्मुख विद्यालय छनौटका लागि विद्यालय विवरण फाराम

१ विद्यालयको नामः

२ ठेगानाः

| क.सं. | सूचक | विवरण | कैफियत |
|---|---|---|---|
| १ | माध्यमिक तह (९-१२ मा पढाइहुने विषय) | (क) विज्ञान (ख) वाणिज्य , (ग) मानविकी, (घ) प्राविधिक धार (ङ) अन्य | |
| २ | विद्यालयको नामको जग्गा वा भोगाधिकार गरेको कागजात भएको | विगाहा........कठ्ठा.........धुर............<br>विगाहा........कठ्ठा.........धुर............ | |
| ३ | विद्यार्थी संख्या | क) आधारभूत तह (बालविकास)......<br>ख) ,, ,,१- ५ ..............<br>ग) ,, ,,६-८...................<br>घ) माध्यमिक तह ९-१०..................<br>ङ) ,, ,,११-१२........... | |
| ४ | विगत ३ वर्षको परीक्षाको नतिजाको नतिजा (कक्षा ८, SEE र कक्षा १२) | कक्षा ८,१० र १२ को ३ वर्षको औसत उत्तीर्ण प्रतिशत (तलको तालिका) | |
| ५ | विद्यालयमा उपलब्ध सुविधाहरू | क) विज्ञान प्रयोगशाला<br>ख) ICT/ Computer Lab<br>ग) विद्युतीय सूविधा<br>घ) इन्टरनेट सूविधा<br>ङ) पुस्तकालय | |
| ६ | भौतिक सूविधा | क) कोठासंख्या<br>ख) कक्षा सञ्चालन हुने कोठासंख्या<br>ग) शौचालय संख्या<br>घ) छात्रा शौचालय संख्या<br>ङ) फोहोर व्यवस्थापन | |
| ७ | शैक्षिक सूशासन | क) विव्य स समिति गठन मितिः------<br>ख) शिक्षक अधिभावक संघ गठन मितिः------ | |

कक्षा ८,१० र १२ को ३ वर्षको औसत उत्तीर्ण प्रतिशत

| कक्षा | शै.स. २०... | शै.स. २०... | शै.स. २०... | जम्मा औसत उत्तीर्ण प्रतिशत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| जम्मा | | | | |

प्रमुख

| | | | |
|---|---|---|---|
| | | ग) गत आ व को सामाजिक परीक्षण भए/नभएको ---------<br>घ) गत आ व को लेखा परीक्षण गराएको/नगराएको<br>ङ) सिकाइ उपलब्धी सुधार योजना बनाएको/नबनाएको<br>च) कक्षागत अभिभावक भेला भएको/ नभएको<br>छ) विद्यालय सुधार योजना अध्यावधिक गरेको /नगरेको<br>ज)वार्षिक कार्यतालिका भए / नभएको<br>झ)वार्षिक बजेट निर्माण गरे / नगरेको<br>ञ)हरेक वर्ष वार्षिक उत्सव मनाए/नमनाएको | |
| ८ | | क.अतिरिक्त क्रियाकलाप योजना र संचालन भए/नभएको<br>ख.अतिरिक्त क्रियाकलापको उपलब्धि भए/नभएको<br>ग. विद्यालय हरियाली / फुलवारी/ बगैंचा व्यबस्थापन भए/नभएको<br>घ केन्द्रवाट भौगोलिक दुरी ( साविक भरतपुर उपमहानगरपालिका क्षेत्र भन्दा बाहिर परे / नपरेको | |

नोटः १. क.सं. ४ विगत ३ वर्षको परीक्षाको नतिजाको नतिजामा कक्षा १० सम्म सञ्चालित विद्यालयको हकमा कक्षा ८ र १० को नतिजालाई आधारमानी औसत उत्तीर्ण प्रतिशतको अङ्क दिइनेछ ।

२. प्राविधिक विषय भन्नाले शिक्षा तथा मानवस्रोत विकास केन्द्रले प्रविधिक धार कक्षा ९ सञ्चालनको अनुमति दिएका विद्यालयमा अध्यापन गरेका विषय सम्झनु पर्दछ ।

प्रमुख

अनुसूची- ३

नमूना-उन्मुख विद्यालय छनौटका आधारहरू

(माध्यमिक तह)

१ विद्यालयको नामः-

२ विद्यालयको ठेगानाः-

| क स | सूचक | अंकभार | गणना विधि | कैफियत |
|---|---|---|---|---|
| १ | कक्षा कक्षा ९-१२ पढाइ हुने विषय | १० | क) साधारण विषय मात्र पढाइ हुने - ६ अङ्क<br>ख) विज्ञान/प्राविधिक विषय मात्र पढाइ हुने -८ अङ्क<br>ग) विज्ञान/प्रविधिक विषय सहित अन्य एक विषय पढाइ हुने-९ अङ्क<br>घ) विज्ञान / प्राविधिक विषयसमेत अन्य २ पढाइ हुने - १० अङ्क<br>ङ) विज्ञान र प्राविधिक विषय पढाइ हुने - १० अङ्क | |
| २ | जग्गाको प्रयाप्तता र उपयोग | १० | क) १ विगाहा जग्गा भएमा- ७ अङ्क<br>ख) १.५,, ,, -८ अङ्क<br>ग) २ विगाहा ,, -९ अङ्क<br>घ) ३ विगाहा ,, -१० अङ्क | |
| ३ | विद्यार्थी अनुपात | १५ | क) आधारभूत तह १-८ मा **शिक्षा नियमावलीले तोकेको** विद्यार्थीभन्दा<br>१) कम भएमा -३ अङ्क<br>२) बराबर भएमा -४ अङ्क<br>३) ३०% बढी भएमा -६ अङ्क<br>४) ५०% बढी भएमा -८ अङ्क<br>ख) माध्यमिक तह ९-१२ मा शिक्षा नियमावलीले तोकेको विद्यार्थी भन्दा<br>१) कम भएमा -३ अङ्क<br>२) बराबर भएमा -४ अङ्क<br>३) ३०%बढी भएमा -६ अङ्क<br>४) ५०% बढी भएमा -७ अङ्क | |
| ४ | परीक्षाको नतिजा | २१ | पछिल्लो ३ बर्षको उत्तीर्ण प्रतिशत<br>प्रति वर्ष ४०-६० प्रतिशत -३अङ्क<br>प्रति वर्ष ६०-८० प्रतिशत -५ अङ्क<br>प्रति वर्ष ८० भन्दा माथि प्रतिशत -७ अङ्क | |
| ५ | भौतिक सूविधा | १५ | क) प्रति कक्षा १ कक्षाकोठा भएमा -४ अङ्क<br>ख) प्र. अ. शिक्षक स्टाफका लागि छुट्टै कक्षाकोठा भएमा -२ अङ्क<br>ग) ५० जना विद्यार्थी बराबर एक शौचालय भएमा -२ अङ्क<br>घ) छात्राका लागि ईन्सिनरेटर सहित छुट्टै शौचालय भएमा -२ अङ्क<br>ङ) कुहिने र नकुहिने फोहोर छुट्टयाई व्यवस्थापन भएमा -१ अङ्क | |

प्रमुख

| | | | | |
|---|---|---|---|---|
| | | | च) काउन्सेलिङ कक्ष -१ अङ्क<br>छ) अभिभावक प्रतिक्षा कक्ष -१ अङ्क<br>ज) कम्तिमा १०० जना क्षमताको तालिम सेमिनार हल भएमा- २ अङ्क | |
| ६ | विद्यालयमा उपलब्ध सुविधाहरू | १० | क) विज्ञान प्रयोगशाल छुट्टै भएमा -२ अङ्क<br>ख) ICT/ Computer कक्ष छुट्टै भएमा -२ अङ्क<br>ग) इन्टरनेट सुविधा भएमा -२ अङ्क<br>घ) पुस्तकालय भएमा -२ अङ्क<br>ङ) अन्य विषयगत ल्याव -२ अङ्क | |
| ७ | शैक्षिक सुशासन | ११ | क) नियमावली अनुसार वि व्य स गठन भएमा -२ अङ्क<br>ख) शिक्षक अभिभावक संघ भएमा -१ अङ्क<br>ग) सामाजिक परीक्षण भएकोमा -१ अङ्क<br>घ) सिकाइ उपलब्धी सुधार योजना बनाएको भएमा -२ अङ्क<br>ङ) कक्षागत अभिभावक भेला भएमा -१ अङ्क<br>च) विद्यालय सुधार योजना अद्यावधिक भएमा -१ अङ्क<br>छ) वार्षिक कार्यतालिका -१ अङ्क<br>ज) वार्षिक बजेट निर्माण-१ अङ्क<br>झ) हरेक वर्ष वार्षिक उत्सव मनाएमा -१ अङ्क | |
| ८ | अन्य | ८ | क.अतिरिक्त क्रियाकलाप योजना र संचालन -२ अङ्क<br>ख.अतिरिक्त क्रियाकलापको उपलब्धि -२ अङ्क<br>ग. विद्यालय हरियाली / फुलवारी/ बगैचा व्यबस्थापन भएमा भएमा -२ अङ्क<br>घ केन्द्रवाट भौगोलिक दुरी ( साविक भरतपुर उपमहानगरपालिका क्षेत्र भन्दा बाहिर रहेका विद्यालय भए) -२अङ्क | |

प्रमुख

अनुसूची – ४

नमूना उन्मुख विद्यालय छनौटका आधारहरू

(आधारभूत तह)

१) विद्यालयको नामः-

२) वद्यालयको ठेगानाः-

| क स | सूचक | अंक भार | गणना हुने विधि | कैफियत |
|---|---|---|---|---|
| १ | जग्गाको उपयोग | १० | क)१० कठ्ठा जग्गा भएमा -६ अङ्क<br>ख) १५ कठ्ठा -८ अङ्क<br>ग) १ विगाहा -१० अङ्क | |
| २ | विद्यार्थी अनुपात | १५ | क) नियमावलीले तोकेको विद्यार्थी संख्या भन्दा कम विद्यार्थी संख्या भएमा -७ अङ्क<br>ख) नियमावलीले तोकेबराबर विद्यार्थी संख्या -१० अङ्क तोकिएको भन्दा ३०% बढी विद्यार्थी भएमा -१३ अङ्क<br>ग) तोकिएकोभन्दा ५०% विद्यार्थी बढी भएमा -१५ अङ्क | |
| ३ | परीक्षाको नतिजा | २१ | कक्षा ५ र ८ को ३ वर्षको उत्तीर्ण प्रतिशत<br>क) प्रति वर्ष ४०-६० प्रतिशत -३ अङ्क<br>ख) प्रति वर्ष ६०-८० प्रतिशत -५ अङ्क<br>ग) प्रति वर्ष ८० प्रतिशत भन्दा माथि -७ अङ्क | |
| ४ | भौतिक सुविधा | १५ | घ) प्रति कक्षा १ कक्षाकोठा भएमा -५ अङ्क<br>ङ) प्र अ शिक्षक स्टाफका लागि छुट्टै कक्षाकोठा भएमा -४ अङ्क<br>च) ५० जना विद्यार्थी बराबर एक शौचालय भएमा-२अङ्क<br>छ) छात्राका लागि छुट्टै शौचालय भएमा -२ अङ्क कुहिने र नकुहिने फोहोर छुट्याई व्यवस्थापन भएमा -२अङ्क | |
| ५ | विद्यालयमा उपलब्ध सुविधाहरू | १५ | क) बालविकास केनद्रमा बसाई व्यवस्था -५ अङ्क<br>ख) दिवाखाजाको व्यवस्था -५ अङ्क<br>ग) बुक कर्नरको व्यवस्था -५ | |
| ६ | शैक्षिक सुशासन | १५ | क)नियमावली अनुसार वि व्य स गठन भएमा -३ अङ्क<br>ख) शिक्षक अभिभावक संघ भएमा -२ अङ्क | |

प्रमुख

| | | | | |
|---|---|---|---|---|
| | | | ग) सामाजिक परीक्षण भएकोमा -२ अङ्क<br>घ) सिकाइ उपलब्धी सुधार योजना बनाएको भएमा -३ अङ्क<br>ङ) कक्षागत अभिभावक भेला भएमा -१ अङ्क<br>च) विद्यालय सुधार योजना अद्यावधिक भएमा -१ अङ्क<br>छ) वार्षिक कार्यतालिका -१ अङ्क<br>ज) वार्षिक बजेट निर्माण-१ अङ्क<br>झ) हरेक वर्ष वार्षिक उत्सव मनाएमा -१ अङ्क | |
| ७ | अन्य | ९ | क.अतिरिक्त क्रियाकलाप योजना र संचालन २अङ्क<br>ख.अतिरिक्त क्रियाकलापको उपलब्धि २अङ्क<br>ग. विद्यालय हरियाली/फुलवारी/बगैचा व्यवस्थापन भएमा भएमा-३ अङ्क<br>घ केन्द्रवाट भौगोलिक दुरी ( साविक भरतपुर उपमहानगरपालिका क्षेत्र भन्दा बाहिर रहेका विद्यालय भए) -२अङ्क | |

प्रमुख